# कम्पनीको ३१ औं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित २०८२/०३/०९ गते**

**श्री शेयरधनी महानुभावहरु,**

यस युनाइटेड अजोड इन्स्योरेन्स लि. को संचालक समितिको ६२ औं बैठकको निर्णयानुसार देहायको मिति, स्थान र समयमा निम्न प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्न यस कम्पनीको ३१ औं वार्षिक साधारण सभा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार शेयरधनी महानुभावहरुको जानकारी तथा समुपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा बस्ने मिति, स्थान र समय**

**मिति** : २०८२ साल असार महिना ३० गते, सोमबार (तद्नुसार १४ जुलाई, २०२५)

**स्थान** : अम्रपाली ब्याङ्क्वेट क्याटरिङ्ग एण्ड इभेन्ट प्रा.लि., भाटभटेनी, काठमाण्डौं ।

**समय** : बिहान १०:३० बजे ।

**छलफलका विषयहरु :**

**क) सामान्य प्रस्तावहरु :**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आ.व.२०८०/८१ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने बारे ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व.२०८०/८१ को वासलात, नाफा-नोक्सान हिसाब तथा सोही अवधिको नगद प्रवाह सहितको विवरण तथा सोसँग सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने बारे ।

३) लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ.व.२०८१/८२ को लागि बाह्य लेखापरीक्षक नियुक्ति गरी निजको पारिश्रमिक निर्धारण गर्ने बारे (बर्तमान लेखापरीक्षक श्री जे.बि.राजभण्डारी एण्ड डिबिन्स चार्टर्ड एकाउन्टेन्ट्स पुनः नियुक्तिको लागि योग्य रहेको) ।

४) सञ्चालक समितिबाट प्रस्ताव गरिएको हाल कायम चुक्ता पूँजी रु.२,१०,००,००,०००/- (अक्षरेपी दुई अर्ब दश करोड) मा ०.५२६३ (शून्य दशमलव पाँच दुई छ तीन) प्रतिशतका दरले हुने नगद लाभांश रु. १,१०,५२,६३१।५८ (अक्षरेपी एक करोड दश लाख बाउन्न हजार छ सय एकतीस पैसा अन्ठावन्न) प्रस्तावित लाभांशको कर प्रयोजनार्थ पारित गर्ने बारे ।

५) सञ्चालकहरुको नियुक्ति अनुमोदन गर्ने बारे ।

**ख) विशेष प्रस्ताव :**

१) सञ्चालक समितिबाट प्रस्ताव गरिएको हाल कायम चुक्ता पूँजी रु.२,१०,००,००,०००/-(अक्षरेपी दुई अर्ब दश करोड) को १० (दश) प्रतिशतले हुन आउने रकम रु.२१,००,००,०००/-(अक्षरेपी एक्काइस करोड) बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने बारे ।

२) श्री नेपाल बीमा प्राधिकरणले निर्जीवन बीमा व्यवसायको न्यूनतम चुक्ता पूँजी रु.२ अर्ब ५० करोड कायम गर्न दिएको निर्देशन बमोजिम मिति २०८१।०२।३१ गते बसेको कम्पनीको विशेष साधारण सभाबाट कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी रु.२,१०,००,००,०००।- (अक्षरेपी दुई अर्ब दश करोड) को १५(पन्ध्र) प्रतिशतका दरले हकप्रद शेयर जारी गर्ने विशेष प्रस्ताव पारित गरिएको भएतापनि कम्पनीको आ.व.२०८०।८१ को वितरणयोग्य मुनाफाबाट हाल कायम चुक्ता पूँजी रु.२,१०,००,००,०००/- (अक्षरेपी दुई अर्ब दश करोड) को १० (दश) प्रतिशतका दरले बोनस शेयर जारी गर्न प्रस्ताव गरिएको र सो पश्चात कायम हुने कम्पनीको चुक्ता पूँजी रु.२,३१,००,००,०००।-(अक्षरेपी दुई अर्ब एकतीस करोड) को १० (दश) प्रतिशत अर्थात प्रत्येक १०० कित्ता शेयर बराबर १० कित्ताका दरले हकप्रद शेयर परिमार्जन गरी जारी गर्ने तथा हकप्रद शेयर जारी गरे पश्चात कम्पनीको जारी पूँजी रु.२,५४,१०,००,०००।-(अक्षरेपी दुई अर्ब चौवन्न करोड दश लाख) र चुक्ता पूँजी रु.२,५४,१०,००,०००।-(अक्षरेपी दुई अर्ब चौवन्न करोड दश लाख) पुग्ने हुँदा सोही बमोजिम कम्पनीको प्रबन्धपत्रमा भएको जारी पूँजी र चुक्ता पूँजी सम्बन्धी व्यवस्था संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

३) नियमावलीको नियम ३१(१) (ख) मा रहेको सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था संशोधन गर्ने बारे ।

४) संशोधित प्रबन्धपत्र तथा नियमावली अभिलेख वा स्वीकृत गर्ने निकायहरुबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन प्राप्त भएमा सो अनुसार फेरबदल गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने बारे ।

**ग) विविध :**

**साधारण सभा सम्बन्धी अन्य जानकारी**

१. सभामा उपस्थित हुनु हुने शेयरधनी महानुभावहरुले सभा हलमा प्रवेशको लागि सक्कल शेयर प्रमाणपत्र वा हितग्राही खाता खोलिएको कागजात, प्रकाशित प्रवेशपत्र अथवा आफ्नो कुनै फोटो सहितको आधिकारिक परिचयपत्र साथमा लिई आउनु हुन अनुरोध छ ।

२. वार्षिक साधारण सभामा उपस्थिति प्रयोजनका लागि मिति २०८२ साल असार १९ गते एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिनेछ । शेयरधनी दर्ता किताब बन्द भएको मिति २०८२ साल असार १९ गते भन्दा अघिल्लो दिन सम्म श्री नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई यस कम्पनीको शेयर रजिष्ट्रार श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नारायणचौर, काठमाण्डौंको कार्यालयमा प्राप्त भएको विवरणहरुको आधारमा कायम हुन आउने शेयरधनीहरुले मात्र साधारण सभामा भाग लिन र आ.व.२०८०।८१ को बोनश शेयर तथा नगद लाभांश प्राप्त गर्न लागि योग्य रहने हुँदा सम्बन्धित शेयरधनी तथा शेयर खरिदकर्ताहरुले सोही अनुसार शेयर नामसारी गर्नुहुन अनुरोध छ ।

३. यस कम्पनीको शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनीहरुले आफैं वा प्रतिनिधि मार्फत सभामा भाग लिन, छलफल गर्न सक्नेछन् । स्वयं उपस्थित हुन नसक्ने शेयरधनी महानुभावहरुले कम्पनीको प्रतिनिधिपत्र (प्रोक्सी फारम) मा दस्तखत गरी कम्पनीको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नु हुनेछ । प्रतिनिधि नियुक्त हुने शेयरधनीले सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै प्रतिनिधिपत्र (प्रोक्सी फारम) यस कम्पनीको शेयर रजिष्ट्रार श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नारायणचौर, काठमाण्डौंमा बुझाई सक्नु पर्नेछ । प्रतिनिधिपत्र (प्रोक्सी फारम) दिने महानुभावको दस्तखत उपरोक्त शेयर खरिद गर्दाको अवस्थामा आफूले गरेको दस्तखतसँग मिल्नु पर्नेछ । अन्यथा प्रतिनिधिपत्र (प्रोक्सी फारम) ले मान्यता पाउने छैन । प्रतिनिधिपत्र (प्रोक्सी फारम) यस कम्पनीको वेभसाइटबाट पनि Download गर्न सकिनेछ ।

४. प्रोक्सी दिने दाताले प्रोक्सी दिए पछि आफैं उपस्थित हुन वा प्रोक्सी बदर गर्न वा परिवर्तन गर्न चाहेमा सो को सूचना सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै यस कम्पनीको शेयर रजिष्ट्रार श्री नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नारायणचौर, काठमाण्डौंमा दिनु पर्नेछ ।

५. एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा जसको नियुक्ति सबै भन्दा पहिले प्राप्त भएको हो माथि (४) मा लेखिए बमोजिम बदर गरिएमा बाहेक उसैलाई प्रतिनिधि मानिनेछ तर सभामा सम्बन्धित शेयरधनी आफैं उपस्थित हुन आएमा शेयरधनीले दिएको प्रोक्सी स्वतः बदर हुनेछ ।

६. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई सभा स्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका बिहान ९:३० बजे देखि खुल्ला रहनेछ ।

७. नाबालक वा बिक्षिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछ ।

८. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा कम्पनीको शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मत प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछ ।

९. कम्पनी ऐन, २०६३, बीमा ऐन, २०७९ तथा बीमा नियमावली, २०८१ अनुसारको वार्षिक वित्तीय विवरण, संचालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, सूचना तथा सामान्य जानकारी सम्बन्धी विवरण कम्पनीको वेवसाइट www.unitedajodinsurance.com मा उपलब्ध हुनेछ ।

१०. सभा सम्बन्धी अन्य काम कारवाही कम्पनी ऐन, २०६३ बमोजिम हुनेछ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**"नेपाल बीमा प्राधिकरणबाट इजाजत प्राप्त"**


# यूनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड

# United Ajod Insurance Limited

UNITED AJOD
Insurance Limited
United by Trust

सि.टी.सी मल (सातौं तल्ला), सुन्धारा, काठमाण्डौं
फोन नं. ०१- ५३३३७४३
इमेलः info@unitedajodinsurance.com, वेभसाइटः unitedajodinsurance.com